नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दैलेख

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र नियमावली, २०६५ को नियम ३ बमोजिम स्वत: प्रकाशन गर्नुपर्ने आ.व. ०७८/७९ को तेश्रो त्रैमासिक (माघ, फागुन र चैत्र) को विवरण:

क) निकायको स्वरुप र प्रकृति :

नेपाल सरकार, गृह मन्त्रालय अन्तर्गतको मुख्यत: जिल्लाको शान्ति सुरक्षाको व्यवस्थापन, विपद् व्यवस्थापन, नेपाली नागरिकरुलाई नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्ने, राहदानी, संघसंस्था दर्ता, नविकरण, हातहतियार दर्ता/नवीकरण र अभद्र व्यवहार, जुवातास, हातहतियार खरखजाना, उपभोक्ता हित, कालोबजारी लगायत मुद्दाहरुको सुरु कारवाही र किनारा गर्ने, अर्धन्यायीक निकायका रुपमा जिल्ला प्रशासन कार्यालय रहेको छ।

ख) निकायको काम, कर्तव्य र अधिकार

स्थानीय प्रशासन ऐन, २०२८, नागरिकता ऐन, २०६३, नागरिकता नियमावली, २०६३, राहदानी ऐन, २०२४, राहदानी नियमावली, २०६७, संघसस्था नियमावली २०३४ लगायत गृह प्रशासन सँग सम्वन्धित ऐन, नियम अनुसार जिल्ला प्रशासन कार्यालय, दैलेखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ।

- जिल्लामा शान्ति सुरक्षाको व्यवस्थापन गर्ने
- वंशजका आधारमा नेपाली नागरिकता जारी गर्ने
- अंगिकृत नेपाली नागरिकता प्रमाणपत्र जारी गर्ने
- साधारण राहदानी जारी गर्ने
- द्रुत सेवाका लागि राहदानी सिफारिस गर्ने
- विपद्जन्य घटनावाट भएका क्षतिहरुमा राहत वितरण गर्ने
- जिल्लाको विपद् व्यवस्थापन सम्वन्धी कार्य गर्ने
- द्वन्द्वपीडित नागरिकहरुलाई राहत उपलब्ध गराउने
- संघसंस्था दर्ता/नवीकरण गर्ने
- हातहतियार दर्ता/नवीकरण गर्ने
- नावालिक परिचयपत्र जारी गर्ने
- दलित, जनजाति, नामथर, पेन्सन आदिको सिफारिस/प्रमाणित गर्ने
- अभद्र व्यवहार, जुवातास, हातहतियार, खरखजाना, उपभोक्ता हित, कालोवजारी लगायत मुद्दाहरुको सुरु कारवाही र किनारा गर्ने, अर्धन्यायीक निकायका रुपमा काम गर्ने।

ग) निकायमा रहने कर्मचारी संख्या

सांगठनिक संरचनाको विवरण

| सि.नं. | पद | श्रेणी | दरबन्दी संख्या | पदपूर्ति संख्या | करारद्वारा पूर्ति | रिक्त | कै. |
|---|---|---|---|---|---|---|---|
| १. | प्रमुख जिल्ला अधिकारी | रा.प.प्रथम | १ | १ | - | - | रा.प.द्वितिय श्रेणीबाट पदपूर्ति |
| २. | सहायक प्र.जि.अ. | रा.प.द्वितीय | १ | ० | ० | १ | |
| ३. | प्रशासकीय अधिकृत | रा.प.तृतीय | २ | २ | - | - | |
| ४. | नायब सुब्बा | रा.प.अनं. प्रथम | ५ | ३ | ० | २ | १ जना प्रजिअ.को पिए अस्थायी नियुक्ति |
| ५. | लेखापाल | रा.प.अनं. प्रथम | १ | १ | ० | - | |
| ६. | कम्प्यूटर अपरेटर | रा.प.अनं. प्रथम | २ | ० | २ | - | |

सूचना अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दैलेख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७. | खरिदार | रा.प.अनं. द्वितीय | ३ | ३ | ० | ० | |
| ८. | कार्यालय सहयोगी | श्रेणीविहीन | ६ | १ | ५ | - | |
| ९. | ह.स.चा. | श्रेणीविहीन | १ | ० | १ | - | |
| १०. | विवरण दर्ता अपरेटर | रा.प.अनं.प्रथम | १ | ० | १ | - | स्थायी पदपूर्ती गर्ने व्यवस्था नभएको। |
| जम्मा | | | २३ | ११ | ९ | ३ | |

घ) निकायबाट प्रदान हुने सेवा

दैलेख जिल्लाको शान्ति सुरक्षाको व्यवस्थापन, विपद् व्यवस्थापन, नेपाली नागरिकता, राहदानी, संघसस्था लगायतका प्रशासनिक सेवा र हातहतियार/खरखजाना, अभद्र व्यवहार, जुवातास, उपभोक्ता हित, कालोबजारीसँग सम्वन्धित मुद्दाहरुको सुरु कारवाही र किनारा गरी अर्धन्यायीक सेवा प्रदान गर्ने निकायका रुपमा जिल्ला प्रशासन कार्यालय, दैलेख रहेको छ।

ङ) निकायका शाखाहरु र जिम्मेवार अधिकारी

- स्थानीय प्रशासन तथा शा.सु. शाखा :- ना.सु. लिल बहादुर रोका मगर र खरिदार एकराज उपाध्याय
- नागरिकता शाखा :- खरिदार दिल कुमारी चौधरी
- राहदानी शाखा :- क.अ. उमेश कुमार थापा
- मुद्दा शाखा:- ना.सु. विष्णु कुमार थापा र खरिदार भक्त बुढा क्षेत्री
- आर्थिक प्रशासन शाखा:- लेखापाल क्षेत्र बहादुर जि.सी.
- कम्प्यूटर कक्ष:- क.अ. शुभाष प्याकुरेल
- राष्ट्रिय परिचयपत्र विवरण दर्ता स्टेशन:- विवरण दर्ता अपरेटर सगुन्तला कार्की

च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

- सेवाको प्रकृति अनुसार लाग्ने (कार्यालयको नागरिक वडापत्रमा उल्लेख भएको/कार्यालय परिसर र वेभसाइट daodailekh.moha.gov.np मा उल्लेख भएको)

छ) निर्णय गर्ने प्रकृया र अधिकार

गृह प्रशासनसँग सम्बन्धित ऐन, नियम, गृह मन्त्रालय सिंहदरवार, काठमाडौं, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश लगायत तालुक निकायहरुबाट भएको परिपत्र बमोजिमका कार्यहरु।

ज) निर्णय उपर उजुरी सुन्ने अधिकारी : प्रमुख जिल्ला अधिकारी श्री हरि प्याकुरेल

झ) सम्पादन हुने कार्यहरुको विवरण

- नेपाली नागरिकता जारी
- राष्ट्रिय परिचयपत्रका लागि विवरण संकलन
- साधारण र द्रुत राहदानी सिफारिस
- संघसंस्था दर्ता/नवीकरण
- पत्रपत्रिका दर्ता
- जिल्लाभित्रको विकास निर्माण, सुशासन एवं सुव्यवस्थापनमा नियमन, समन्वय र सहजीकरण
- मुद्दाहरुको सुरू किनारा र कारवाही
- कोभिड-१९ संक्रमण नियन्त्रण र रोकथाम
- वार्षिक र अर्धवार्षिक बुलेटिन प्रकाशन

प्रशासकीय अधिकृत

- सेवाग्राही सन्तुष्टी सर्वेक्षण
- विपद् व्यवस्थापन सम्बन्धी कार्यहरू
- कार्यसम्पादन सम्झौता बमोजिमका अन्य कार्यहरू

ञ) कार्यालय प्रमुख र सूचना अधिकारी

- कार्यालय प्रमुख : प्र.जि.अ. श्री हरि प्याकुरेल
- सूचना अधिकारी : प्रशासकीय अधिकृत श्री गणेशप्रसाद कोइराला

ट) ऐन, नियम, विनियम वा निर्देशिकाको विवरण

- स्थानीय प्रशासन ऐन, २०२८
- संक्रामक रोग ऐन, २०२०
- नागरिकता ऐन, २०६३
- नागरिकता नियमावली, २०६३
- राहदानी ऐन, २०२४
- राहदानी नियमावली, २०६७
- संघसंस्था ऐन, २०३४
- संघसंस्था नियमावली, २०३४
- आर्थिक कार्यविधि नियमावली, २०६४
- भ्रमण खर्च नियमावली, २०६४
- सार्वजनिक खरिद नियमावली, २०६
- हातहतियार खरखजाना ऐन, २०१९
- मुलुकी अपराध संहिता, २०७४
- कोभिड-१९ व्यवस्थापन अद्यादेश, २०७८
- नेपाल सरकारबाट विभिन्न मितिमा जारी भएका अन्य ऐन, नियम तथा निर्देशिकाहरू

ठ) आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण :

- राजस्व सम्बन्धी प्रतिवेदन (आ.व. ०७८/७९ को चैत्र मसान्त सम्म)

| आम्दानी | | | |
|---|---|---|---|
| सि.नं. | राजस्व शिर्षक नं. | राजस्व शिर्षकको नाम | आम्दानी/खर्च |
| १. | १४२५१ | कम्पनी रजिष्ट्रेसन दस्तुर | १,३,७००/- |
| २. | १४२२७ | राहदानी शुल्क | ४३,११,०००/- |
| ३. | १४३११ | न्यायीक दण्ड, जरिवाना र जफत | २,२९,७८१/- |
| ४. | १४३१२ | प्रशासनिक दण्ड जरिवाना र जफत | ५८,०००/- |
| ५. | | परीक्षा शुल्क | ४,३५०- |
| ६. | | अन्य प्रशासनिक सेवा | १,११०/- |
| ७. | | हातहतियारको इजाजत दस्तुर | १०,०००/- |
| ८. | | धरौटी | १९,८१,२४४/- |
| खर्च | | | |
| १. | | चालु खर्च | १,२६,१९,०७०/- (५७.५५%) |
| २. | | पूँजिगत खर्च | ९,७८,४६०/- (६९.८९%) |

अधिकृत

ड) अघिल्लो आ.व.मा कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण : नभएको।

ढ) निकायको वेभसाइट : www.daodailekh.moha.gov.np

ण) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण: छैन।

त) सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति विवरण :

- यस आ.व.को तेश्रो त्रैमासिक अवधिमा कुनै पनि कार्यक्रम सञ्चालन नभएको।

थ) सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि : छैन।

द) सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय :

- आ.व. ०७८/७९ को हालसम्ममा सूचना प्राप्तिका लागि कुनैपनि निवेदन प्राप्त नभएको।

ध) सार्वजनिक निकायमा सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भए सोको विवरण

- कार्यालयको सूचना पाटी
- एफ.एम., रेडियो, पत्रपत्रिका र सोसल मिडिया
- कार्यालयको वेभसाइट र फेसबुक पेज
- वार्षिक कार्ययोजना तर्जुमा
- वजार अनुगमन सम्वन्धी कार्ययोजना तर्जुमा
- लागूऔषध नियन्त्रण सम्वन्धी कार्ययोजना तर्जुमा
- जिल्ला विपद् प्रतिकार्य योजना तर्जुमा
- मनसुन प्रतिकार्य कार्ययोजना तर्जुमा
- राजमार्ग अवरोध हटाउने सम्वन्धी सामग्री र टोलीको रोष्टर तयांर
- कार्यालयको सम्पत्तिको लगत तयार
- वार्षिक र अर्धवार्षिक प्रशासन बुलेटिन २०७७/७८, २०७८/७९ प्रकाशन
- गृह सचिव र प्रमुख जिल्ला अधिकारीबीच भएको कार्यसम्पादन सम्झौताका अर्धवार्षिक र वार्षिक प्रतिवेदनहरु (आ.व. २०७६/७७ र ०७७/७८)